# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०६।१५ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी पद्म विनोद पोखरेल रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट **प्रतिवादी पद्म विनोद पोखरेल**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा बिगो रू.१,००,०००।–(एक लाख रूपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) देहाय (ग) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना सजाय समेत हुन,

मागदावी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले निम्न आधारमा मिति २०८०।११।१८ को फैसलाबाट निम्न आधारमा सफाई दिएको-:

- प्रतिवादीले अनुसन्धानका क्रममा र अदालत समक्षको वयानमा कसूरमा ईन्कार रहेको।
- उजुरकर्ताले २०७९।०६।३१ मा फाइनल विल सम्वन्धमा भन्ने निवेदन मात्र दर्ता गराएको, निवेदन साथ अन्य विल भरपाई कार्य सम्पन्न प्रतिवेदन आदी केही पेश नगरेको तथा मिति २०८०।०९।२५ गते सम्म निज उजुरकर्ताले सकार गरेको ठेक्काको कार्य नै सम्पन्न नभएको हुँदा प्रतिवादीले भुक्तानी दिन इन्कारी गरी पटक-पटक रोकेको भन्ने तथ्य झुटा देखिएको।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०६।१५ मा पुनरावेदन गरिएको छः-

**देहायः**

- प्रतिवादीलाई आरोपदावीबाट सफाई दिने गरी फैसला गर्दा लिएको आधारका सन्दर्भमा Common Law System अन्तर्गतको फौजदारी न्याय प्रक्रियामा पिडकलाई समेत Right to Silence को साथै Self Criminalization गर्न वाध्य नपारिने हक रहेको। प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरुद्ध प्रमाणमा लिन हुन्छ भन्ने कानूनी व्यवस्था रहेकोमा सो कानूनी व्यवस्थाको गलत अर्थ लगाई प्रमाणमा ग्रहण नगरी उजुरकर्ताको उजुरी निवेदन, प्रवेश मुचुल्का, खानतलासी बरामदी मुचुल्का, अडियो/भिडियो रेकर्ड र निज उजुरकर्ताले निवेदनमा उल्लेख गरे बमोजिमकै नम्वर भएको नगद निज प्रतिवादीको साथबाट बरामद भएको अवस्था र निज उजुरकर्ता लगायत वादी पक्षका साक्षीहरुले अदालत समक्ष गरेको वकपत्रमा उल्लेख गरेको व्यहोरा लगायतका कागजातहरुलाई प्रमाणमा ग्रहण नगरी केवल आरोपित कसूर तथा सजायवाट उन्मुक्ति पाउने मनसायले प्रतिवादीको ईन्कारी वयानलाई आधार वनाई प्रतिवादीलाई सफाई दिएको उक्त फैसला त्रुटीपूर्ण रहेको।

- ठेक्का नं.RDLHN/३३७०११४३-४/०७६-०७७/०६५ को काम मिति २०७९।०७।३१ गते सम्ममा सम्पन्न गर्ने गरी थप भएको म्याद भित्र नै कार्य सम्पन्न गरी अन्तिम बिल भुक्तानी माग गर्दा निज प्रतिवादीले विभिन्न वहानामा उजूरकर्ताबाट घुस/रिसवत माग गरेकोले रकम समेत उजूरकर्ताले नै व्यवस्था गरी सोही उजूरीमा उल्लेख भए बमोजिमकै रकम निज प्रतिवादीले सेवाग्राहीसंग लिएको अवस्थामा बरामद भएको भन्ने बरामदी मुचुल्काले पुष्टि गरेको।निजले घुस/रिसवत रकम माग गरेको भन्ने तथ्यलाई उजूरकर्ताले पेश गरेको अडियो/भिडियो रेकर्डमा मोलमोलाई गरेको स्पष्ट रुपमा नै सुन्न सकिने, उक्त रेकर्डलाई प्रतिवादीले समेत आफ्नो हो भनी सनाखत गरेको।रकम भुक्तानीको लागि पेश गरेको निवेदनमा उजुरकर्ताले ठेक्का सम्झौताको सम्पूर्ण

निर्माण कार्य सम्पन्न भईसकेकाले सो कार्यको नाप जाँच गरी फाईनल विल भुक्तानी गरिदिनु हुन भनी अनुरोध गरिएको व्यहोरा रहेको। सो निवेदनमा कार्यालयले सम्झौता बमोजिमको कार्यको नाप जाँच गरिदिनु हुन भनी अनुरोध भएको। उक्त निवेदन बमोजिमको नापजाँचको कार्य कार्यालयले गरेको अवस्था देखिदैन र यस विचमा नै उजूरी परी मुद्दा दायर भए पश्चात ठेक्का सम्झौता सम्पन्न हुन नसकेको प्रष्टै भएको अवस्थामा प्रतिवादीलाई कसूरको सजायबाट उन्मुक्ति दिने एक मात्र उद्देश्यले ठेक्काको कार्य नै सम्पन्न नभएको हुँदा प्रतिवादीले भुक्तानी दिन इन्कारी गरी रोकेको भन्ने तथ्य झुटा देखिएको भन्ने मनोगत आधार ग्रहण गरी भएको उक्त फैसला त्रुटीपूर्ण रहेको।

सहायक प्रवक्ता<br>देवी प्रसाद थपलिया

<u>देहायः</u>

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | पदम विनोद भन्ने पद्म विनोद पोखरेल (विशेष अदालतको मुद्दा नं. ०८०-CR-००२१ र फैसला मिति २०८०/११/१८) | घुस/रिसवत लिई भ्रष्टाचार गरेको। | प्रतिवादी पदम विनोद भन्ने पद्म विनोद पोखरेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा बिगो रू.१,००,०००।– (अक्षेरेपि एक लाख रूपैंया) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) देहाय (ग) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) वमोजिम बिगो बमोजिम जरिवाना सजाय समेत हुन मागदाबी | **फैसलाः**<br>प्रतिवादी पदम विनोद भन्ने पद्म विनोद पोखरेलले आरोपदावी बमोजिमको कसूरवाट सफाई पाउने ठहर भई बिशेष अदालतबाट फैसला भएको।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>**क.** प्रतिवादी अनुसन्धानका क्रममा र अदालत समक्षको वयानमा समेत कसूरमा ईन्कार रहेको।<br><br>**ख.** उजुरकर्ताले २०७९।०६।३१ मा फाइनल विल सम्वन्धमा भन्ने निवेदन मात्र दर्ता गराएको, निवेदन साथ अन्य विल भरपाई कार्य सम्पन्न प्रतिवेदन आदि केही पेश नगरेको तथा मिति २०८०।०९।२५ गते सम्म निज उजुरकर्ताले सकार गरेको ठेक्काको कार्य नै सम्पन्न नभएको हुँदा यि प्रतिवादीले भुक्तानी दिन इन्कारी | **उल्लिखित आधारहरुलिई विशेष अदालत काठमाण्डौबाट प्रतिवादीलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला देहायका आधार, कारणहरुबाट सो हदसम्म बदरबागी रहेको छ।**<br>क. विशेष अदालतले प्रतिवादीलाई आरोपदावीबाट सफाई दिने गरी फैसला गर्दा लिएको पहिलो आधारका सन्दर्भमा हेर्दा, Common Law System अन्तर्गतको फौजदारी न्याय प्रक्रियामा पिडकलाई समेत Right to Silence को साथै Self Criminalization गर्न वाध्य नपारिने हक रहेको छ। प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरुद्ध प्रमाणमा लिन हुन्छ भन्ने कानूनी व्यवस्था रहेकोमा सो कानूनी व्यवस्थाको गलत अर्थ लगाई प्रमाणमा ग्रहण नगरी उजुरकर्ताको उजुरी निवेदन, प्रवेश मुचुल्का, खानतलासी बरामदी मुचुल्का, अडियो/भिडियो रेकर्ड र निज उजुरकर्ताले निवेदनमा उल्लेख गरे बमोजिमकै नम्वर भएको नगद निज प्रतिवादीको साथबाट बरामद भएको अवस्था र निज उजुरकर्ता लगायत वादी पक्षका साक्षीहरुले अदालत समक्ष गरेको वकपत्रमा उल्लेख गरेको व्यहोरा लगायतका कागजातहरुलाई प्रमाण ऐन,२०३१ को दफा ९(२)(क) अनुसार अदालतले प्रमाणमा ग्रहण नगरी केवल आरोपित कसूर तथा सजायवाट उन्मुक्ति पाउने मनसायले प्रतिवादीको ईन्कारी वयानलाई आधार वनाई प्रतिवादीलाई सफाई दिएको उक्त फैसला कानूनको रोहमा त्रुटीपूर्ण रहेको छ।<br><br>ख. विशेष अदालतले फैसला गर्दा लिएको दोस्रो आधार तर्फ हेर्दा, ठेक्का नं.RDLHN/३३७०११४३-४/०७६-०७७/०६५ को काम मिति २०७९।०७।३१ गते सम्ममा सम्पन्न गर्ने गरी थप भएको म्याद भित्र नै कार्य सम्पन्न गरी अन्तिम बिल भुक्तानी माग गर्दा निज प्रतिवादीले विभिन्न वहानामा उजूरकर्ताबाट घुस/रिसवत माग गरेकोले रकम समेत उजूरकर्ताले नै व्यवस्था गरी सोही उजूरीमा उल्लेख भए बमोजिमकै रकम निज प्रतिवादीले सेवाग्राहीसंग लिई निजको साथी सत्यनारायण राउतको बेडमा ब्ल्यांकेट भित्र लुकाई छिपाई राखेको अवस्थामा बरामद भएको भन्ने बरामदी मुचुल्काले पुष्टि गरेको छ। भने निजले घुस/रिसवत रकम माग गरेको भन्ने तथ्यलाई उजूरकर्ताले पेश गरेको अडियो भिडियो रेकर्डमा मोलमोलाई गरेको स्पष्ट रुपमा नै सुन्न सकिन्छ, उक्त रेकर्डलाई प्रतिवादीले समेत आफ्नो हो भनी सनाखत गरेको अवस्था छ।रकम भुक्तानीको लागि पेश गरेको निवेदनमा उजुरकर्ता नन्दकिशोर साहले ठेक्का सम्झौताको सम्पूर्ण निर्माण कार्य सम्पन्न भईसकेकाले सो कार्यको नाप जाँच गरी फाईनल विल भुक्तानी गरिदिनु हुन भनी अनुरोध गरिएको व्यहोरा रहेको छ।सो निवेदनमा कार्यालयले सम्झौता बमोजिमको कार्यको नाप जाँच गरिदिनु हुन भनी अनुरोध भएको छ।उक्त निवेदन बमोजिमको नापजाँचको कार्य कार्यालयले गरेको अवस्था देखिँदैन र यस विचमा नै उजूरी परी मुद्दा दायर भए पश्चात ठेक्का सम्झौता सम्पन्न हुन नसकेको प्रष्टै भएको अवस्थामा प्रतिवादीलाई कसूरको सजायबाट उन्मुक्ति दिने एक मात्र उद्देश्यले ठेक्काको कार्य नै |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | गरी पटक पटक रोकेको भन्ने तथ्य झुटा देखिएको।<br><br>**ग.** सडक डिभिजन लहानको यिनै प्रतिवादीले हस्ताक्षर गरेको पत्रबाट एन.एम.वि. बैक लिमिटेड शाखा कार्यालय लहानलाई बोलपत्रसाथ पेश गरेको Bid Bond No.NMBBG78790289 3 को रकम जफत भएको अवस्था लगायतबाट उजुरीकर्तालाई जम्मा रु १,६६,००,०००।— लाख आर्थिक भार पर्ने गरी निजको जमानत जफत भएको देखिएको हुँदा यस मुद्दाको उजुरी सहज उजुरीको रुपमा लिन मिलेन। आफूले गुमाएको ठूलो धनराशीको चोटको प्रतिशोध स्वरुप उक्त उजुरी दिएको देखिएको | सम्पन्न नभएको हुँदा यि प्रतिवादीले भुक्तानी दिन इन्कारी गरी पटक पटक रोकेको भन्ने तथ्य झुटा देखिएको भन्ने मनोगत आधार ग्रहण गरी भएको उक्त फैसला त्रुटीपूर्ण छ।<br>**ग.** विशेष अदालतले फैसला गर्दा ग्रहण गरेको अर्को आधार तर्फ हेर्दा, उजुरकर्ता ठेकेदार हुन् भने प्रतिवादी राष्ट्रसेवक कर्मचारी लेखा अधिकृत रहेका छन् राष्ट्रसेवकको काम कर्तव्य र अधिकारी तोकिए बमोजिम हुन्छ र उसले आफ्नो काम कर्तब्यको निस्थार्थ रुपले पालन गर्नु पर्ने हुन्छ। यहाँ सम्मानित अदालतले नै उजूरकर्ताले प्रतिवादी उपरको प्रतिशोध स्वरुप उजूरी गरेको आधारले यि दुई पक्ष विच सम्वन्ध राम्रो थिएन भन्ने देखिन्छ तर निज दुवै पक्ष विचको पटक पटक भएको टेलिफोन सम्पर्क र कुराकानीले उक्त आधार खण्डित गरेको देखिन्छ निज प्रतिवादीले उजूरकर्तासंगको वार्तामा पटक पटक रकमको मोलमोलाई गरेको देखिन्छ, भेट गर्नलाई पनि सहमत भएका छन् नभए एउटा राष्ट्रसेवकले अफिस समय भन्दा वाहेक सेवाग्राहीसंग विभिन्न व्यक्तिको घर कोठामा गई भेटघाट गर्नु फोन सम्पर्क गर्नुको औचित्य पुष्टि हुन सकेको छैन। यसै सन्दर्भमा, सर्वोच्च अदालत बुलेटिन, बर्ष १८, अंक २१, फागुन २०६६, पूर्णाङ्क ४२३, पृष्ठ १३ मा "**अपरिचित सेवाग्राहीले अपरिचित राष्ट्रसेवकलाई फसाउने भन्ने प्रश्न नै आउँदैन। अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष अनुरोध गरी नम्वर टिपिएका नोट प्रास गरी उक्त नोटहरु प्रतिवादीलाई विनाकारण दिए होलान् भनी भन्न मिल्दैन**" त्यसैगरी सर्वोच्च अदालत बुलेटिन, बर्ष १५, अंक २, बैशाख २०६३, पूर्णाङ्क ३३२, पृष्ठ २० मा "**प्रतिवादीका साथबाट नम्वर टिपिएका रुपैयाँ बरामद हुन, जाहेरवालाले अदालतमा गरेको बकपत्रमा समेत प्रतिवादी विरुद्ध घुस मागेकाले रकम दिएको भन्ने जाहेरी र प्रहरीमा भएको वयानलाई समर्थन हुने गरी गरेको बकपत्र समेतबाट अभियोग दावी बमोजिमको कसूर यी प्रतिवादीले गरेको भन्ने देखिरहेको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा २७ र २८ बमोजिम प्रतिवादीले आफ्नो जिकीर प्रमाणित गर्न नसकेको हुँदा प्रतिवादी निर्दोष रहेछन् भनी भन्न सकिएन। प्रतिवादीको खल्तीबाट दशी बरामद भएको कुरा उजूरवाला जाहेरवालाको वकपत्रबाट समर्थित भएकाले प्रमाण ऐन, २०३१ को दफा ८ र १० बमोजिम त्यस्तो बकपत्र प्रमाणमा लिन हुने हुँदा वादीले प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियोग प्रमाणित गरेको हुँदा प्रतिवादीको पुनरावेदन जिकीर पुग्न सक्ने देखिएन**" भन्ने प्रतिपादित सिद्धान्तको प्रतिकूल भएको उक्त फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको। |